"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक,आवासीय समृद्ध सहर"

# धरान उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### शिक्षा, युवा तथा खेलकुद महाशाखा

### धरान-१२, सुनसरी, कोशी प्रदेश, नेपाल

पत्र संख्याः २६-२०८२/०८३
चलानी नम्बरः ३०९९

मितिः २०८२।०९।०१

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

यो जो जससँग सम्बन्धित छ ।

सुनसरी जिल्ला धरान उपमहानगरपालिका अन्तर्गतको श्री भालढुङ्गा माध्यमिक विद्यालय, धरान –२० मा रिक्त रहेको निम्न माध्यमिक तह, तृतीय श्रेणीको अँग्रेजी विषयको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. ७१, मिति २०८२।०८।२८ को पत्रबाट अनुरोध भई आएकाले सम्बन्धित तह र विषयको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा निर्देशिकामा उल्लेख भएका कागजात सहित सम्बन्धित विद्यालय, स्थानीय तहको सहमतिसहित पद रिक्त रहेको विद्यालयमा निवेदन दिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी गरिएको शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च :

१.तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना bhaldhunga123@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

.................................

उमा कुमारी दाहाल

शिक्षा अधिकृत (सातौं तह)

अधिकृत सातौं

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सुनसरी ।

श्री भालढुङ्गा माध्यमिक विद्यालय, धरान – २० ।